# सडक सुरक्षा विधेयक, २०८२ (मस्यौदा)

# **सडक सुरक्षा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८२**

सडक सुरक्षा व्यवस्थापन तथा प्रवर्द्धन गर्नका लागि कानूनी तथा संस्थागत संरचनाको व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** सडक सुरक्षासँग सम्बन्धित निकायहरुका बीच आवश्यक समन्वय गरी सडक सुरक्षा व्यवस्थापन एवम् प्रवर्द्धन गर्नका निमित्त नेतृत्वदायी निकायको रूपमा परिषद्को स्थापना गरी सडक दुर्घटनाको रोकथाम तथा न्यूनीकरण गर्ने उद्देश्यले परिषद मार्फत नियमन, अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गराउन र दुर्घटनाबाट हुने मानवीय तथा आर्थिक क्षतिलाई कम गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

## **परिच्छेद-१**

## **प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “राष्ट्रिय सडक सुरक्षा ऐन, २०८२” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) **“ऐन”** भन्नाले सडक सुरक्षा ऐन, २०८२ लाई सम्झनु पर्छ ।

(ख) **“कोष”** भन्नाले दफा ४१ बमोजिमको परिषद्को कोष सम्झनु पर्छ ।

(ग) **"जाँचपास"** भन्नाले सवारी साधनको यान्त्रिक तथा भौतिक स्थितिको परिक्षण गरी दिईएको प्रमाण पत्र सम्झनु पर्छ ।

(घ) **“जोखिमयुक्त सडक सडक प्रयोगकर्ता”** भन्नाले दुर्घटनामा परी गम्भीर घाइते वा मृत्यु हुने सम्भावना अधिक रहेका पैदलयात्री, साइकलयात्री, मोटरसाइकलयात्री, अशक्त, अपाङ्गता भएका व्यक्ति, बालबालिका र वृद्धवृद्धा लगायतलाई सम्झनु पर्छ।

(ङ) **“ट्रमा सेन्टर”** भन्नाले सडक दुर्घटनामा वा अन्य कारणबाट घाइते भएका व्यक्तिहरुलाई उपचार गर्ने उद्देश्यले स्थापना गरिएको उपचार केन्द्र सम्झनु पर्छ ।

(च) **“तोकिएको”** वा **“तोकिए बमोजिम”** भन्नाले यो ऐन वा यस अन्तर्गत बनेको नियम वा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जारी गरीएको सूचित आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "**दुर्घटना स्थल**" भन्नाले सडक दुर्घटना भएको स्थान र सो वरिपरिको असर पर्ने क्षेत्रलाई समेत सम्झनु पर्छ ।

(ज) "**दुर्घटना जोखिम स्थल**" भन्नाले सडकको डिजाईन वा संरचनागत वनोट वा सडकको भौगोलिक तथा भौतिक अवस्था वा वातावरणीय अवस्थाको कारणले सडक दुर्घटना हुनसक्ने संवेदनशील स्थल सम्झनु पर्छ ।

(झ) "**दुर्घटना अध्ययन समिति**" भन्नाले परिषद्ले ऐनको दफा ४८ बमोजिम सडक दुर्घटनाहरुको अध्ययन तथा छानविन गर्नका लागि गठन गरेको समिति सम्झनु पर्छ ।

(ञ) "**निर्देशक समिति**" भनाले यस ऐनको दफा ११ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ट) "**परिषद्**" भन्नाले यस ऐनको दफा ३ बमोजिम गठन भएको राष्ट्रिय सडक सुरक्षा परिषद् सम्झनु पर्छ।

(ठ) "**बढी दुर्घटना हुने स्थल (ब्ल्याक स्पट)**" भन्नाले विगत तीन बर्षको अवधिमा कम्तीमा पाँच वटा सडक दुर्घटना भएको वा विगत तीन वर्षको अवधिमा सडक दुर्घटनाबाट कम्तीमा दश व्यक्तिको मृत्यु भएको सडकस्थल सम्झनु पर्छ र सो शब्दले त्यस्तो दुर्घटना भएको तीनसय मीटर लम्बाइ भएको सडक खण्डलाई समेत जनाउँछ।

(ड) "**बाटो इजाजतपत्र**" भन्नाले बाटो (रुट) कायम भएको सडकमा प्रचलित ऐन तथा नियम अनुसार यातायात सेवा सञ्चालन गर्न प्राप्त गरेको इजाजतपत्र सम्झनु पर्छ ।

(ढ) "**विशेष प्राविधिक प्रतिवेदन**" भन्नाले दुर्घटना अध्ययन समितिले गरेको स्थलगत अवलोकन, सर्भेक्षण तथा प्राविधिक अध्ययनका आधारमा तयार गरिएको प्राविधिक प्रतिवेदन सम्झनु पर्छ ।

(ण) "**मन्त्रालय**" भन्नाले नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई सम्झनु पर्छ ।

(त) "**मापदण्ड**" भन्नाले परिषदमा स्वीकृतिका लागि पेश भएका सम्वन्धित निकायका मापदण्ड, निर्देशिका तथा कार्यविधि समेतलाई सम्झनु पर्छ ।

(थ) "**मृत्यु**" भन्नाले सडक दुर्घटनास्थलमा तत्काल तथा उक्त दुर्घटना भएको तीस दिन भित्र सोही दुर्घटनाका कारणले घाइते व्यक्तिको मृत्यु भएको अवस्थालाई सम्झनु पर्छ ।

(द) "**यातायात निरीक्षक**" भन्नाले यातायात व्यवस्था सम्बन्धी निकायले प्रचलित नियम बमोजिम तोकेको सडक यातायात अधिकारी सम्झनु पर्छ ।

(ध) "**यातायात व्यवस्था सम्बन्धी निकाय**" भन्नाले सवारी साधन, यातायात सेवा, सवारी चालक अनुमति पत्र, आवागमन नियन्त्रण तथा अन्य यातायात व्यवस्थापन तथा नियमन सम्बन्धी कार्य गर्ने संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका निकायलाई सम्झनु पर्छ ।

(न) "**यातायात सेवा**" भन्नाले सार्वजनिक सवारीले भाडा लिई वा नलिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्री वा मालसामान ओसारपसार गर्ने कार्य सम्झनु पर्छ ।

(प) "**रेखांकन दूरी**" भन्नाले कुनैपनि सडकको शुरु बिन्दुबाट, सडक-केन्द्र रेखा अनुसार नापिएको दूरी सम्झनु पर्छ ।

**स्पष्टिकरण**ः कुनै स्थानको रेखांकन दुरी "CH १२+५६०" भन्नाले उक्त स्थान सडकको शुरु बिन्दुबाट १२ कि.मी. पाँच सय साठी मिटरको दूरीमा परेको जनाउछ ।

(फ) **"सडक एम्बुलेन्स सेवा"** भन्नाले सडक दुर्घटनामा मृत वा घाइतेलाई उद्धार तथा उपचार गर्ने प्रयोजनका लागि दुर्घटना स्थलबाट स्वास्थ्य संस्थासम्म परिवहन गर्ने एम्बुलेन्स सेवा सम्झनु पर्छ ।

(ब) "**सडक दुर्घटना**" भन्नाले प्राकृतिक विपतका कारण वा सडकमा सवारी एक-आपसमा ठोक्किएर वा गुडिरहेको सवारी अर्को पार्किङ गरिएको सवारीसँग ठोक्किएर वा गैर यान्त्रिक सवारीसँग वा पैदलयात्रीसँग वा घरपालुवा जनावर वा वन्यजन्तुसँग वा सडक संरचनामा ठोक्किएर वा गुडिरहेको सवारीबाट यात्री वा मालसामान खसेर वा सवारीको यान्त्रिक अवस्थाको गडबडी तथा अन्य कारणले अनियन्त्रित भई ठोक्किएर वा पल्टिएर वा चिप्लिएर वा ज्वलनशिल वा बिष्फोटक पदार्थ वा रासायनिक पदार्थ वा मालसामान वा जोखिमयुक्त मालसामान ढुवानी गर्दा आगलागी, ज्वलन, बिष्फोटन, बिषाक्त, क्षयीकरण वा अम्लीय प्रतिक्रिया लगायतका वा ढुङ्गा माटोको कारण कारणबाट दुर्घटना भई व्यक्ति वा सँस्थाको सम्पत्तिमा क्षति भएको वा शरीरमा चोटपटक लागेको वा मृत्यु भएको अवस्था सम्झनु पर्छ ।

(भ) "**सडक प्रयोगकर्ता**" भन्नाले सडकको भित्र वा बाहिर रहेर सडकको प्रयोग गर्ने व्यक्ति वा समूह सम्झनु पर्दछ ।

(म) "**सडक सुरक्षा परिक्षण**" भन्नाले सार्वजनिक सडकको विस्तृत ईन्जिनियरिङ्ग डिजाइन भई वा निर्माणधीन अवस्था वा निर्माण सम्पन्न भई यातायात सञ्चालन हुनु अगावै वा यातायात सञ्चालनमा रहेका सडकहरुको सडक सुरक्षाको दृष्टिले तोकिएको कार्यविधि अनुसार गरिने जाँच वा परिक्षण सम्झनु पर्छ।

(य) "**सडक सुरक्षा सम्बन्धी संरचना**" भन्नाले सार्वजनिक सडकमा दुर्घटना जोखिम कम गर्ने उद्देश्यले निर्माण गरिएका भौतिक संरचना सम्झनु पर्छ र सो शब्दले ट्राफिक संकेत बाहेक सडकमा निर्माण गरिएका प्यारापेट ब्लक, स्टिल क्र्याश ब्यारियर, रोप ब्यारियर, कंक्रिट ब्यारियर, डेलिनियटर पोस्ट, ग्याबियन वाल वा तोकिए बमोजिमका भौतिक संरचना लगायतलाई जनाउँछ ।

(र) "**सडक सुरक्षा**" भन्नाले सडक दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यका लागि सडक यातायात प्रणालीसँग सम्बन्धित कानुनी व्यवस्थामा सुधार गर्ने, सुरक्षित सडक संरचनाको विकास तथा निर्माण गर्ने, सुरक्षित यातायात सेवा प्रदान गर्ने, सुरक्षित सवारी साधनको प्रयोग गर्ने, सडक प्रयोगकर्तालाई सजग बनाउने

तथा सडक दुर्घटनामा परेका मृत वा घाइतेको प्रभावकारी उद्धार, उपचार तथा क्षतिपूर्ति सम्बन्धी गरिने क्रियाकलाप सम्झनु पर्छ ।

(ल) "**सडक सुरक्षा परीक्षक**" भन्नाले ऐनको दफा ५७ बमोजिम सडक सुरक्षा परिक्षणको तालिम लिएको र परिषद्मा दर्ता भएको इन्जिनियरलाई सम्झनु पर्छ ।

(व) "**सडक सम्बन्धी निकाय**" भन्नाले सडक पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गर्ने संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका कार्यालयलाई सम्झनु पर्छ ।

(स) "**सडक सुरक्षासँग सम्बन्धित निकाय वा सरोकारवाला निकाय**" भन्नाले सडक सुरक्षासँग प्रत्यक्ष सरोकार राख्ने संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका निकाय सम्झनु पर्छ ।

(स्पष्टीकरणः प्रत्यक्ष सरोकार भन्नाले सडक निर्माण तथा मर्मत सम्भार, यातायात व्यवस्था, ट्राफिक प्रहरी, स्वास्थ्य संस्था शैक्षिक सँस्था यातायात व्यवसाय संचालक, सडक सुरक्षा सम्वन्धित गैरसरकारी सँस्था, परामर्शदाता, निर्माण व्यवसायी तथा परिषद् समेतलाई जनाउँछ।)

(ष) "**सडक यातायात**" भन्नाले सार्वजनिक सडकको प्रयोग गरी सवारी साधनद्वारा यात्री वा मालसामान एक ठाउँबाट अर्को ठाउँसम्म ओसार पसार गर्ने कार्य सम्झनु पर्छ ।

(श) "**सवारी साधन**" भन्नाले यातायात सेवा वा निजी तथा संस्थागत प्रयोजनको लागि सडकमा यान्त्रिक वा अन्य शक्तिबाट गुड्ने सबै किसिमका सवारी साधनलाई सम्झनु पर्छ र सो शब्दले सडकमा प्रयोग हुने डोजर, एक्सक्याभेटर, रोलर, क्रेन, आदि निर्माण सम्बन्धी यन्त्र तथा उपकरण समेतलाई जनाउछ।

(ह) "**संरचना**" भन्नाले सार्वजनिक सडकमा निर्माण गरिएका सम्पूर्ण भौतिक पूर्वाधारहरु जस्तै सडक पेभमेन्ट, सडक किनार, सडकपेटी, ट्राफिक चिन्ह वा विद्युतीय संकेत, पैदलयात्रीको लागि बनाईएको सडक माथिको पुल तथा सब-वे क्रसिंग, बस बिसौनी, पार्किङ्ग लेन, यात्रु सेवा केन्द्रहरु, सडक सुरक्षा सम्बन्धी संरचना, सडक किनारको भिरालो नियन्त्रण सम्बन्धी संरचना तथा पर्खालहरु, पुल, तथा अन्य ड्रेनेज संरचना समेतलाई सम्झनु पर्छ ।

(क्ष) "**सवारी साधनको निरिक्षण**" भन्नाले सवारी साधनको भौतिक अवस्थाको आधिकारिक जाँचलाई सम्झनु पर्छ ।

(त्र) "**सवारी साधनको परिक्षण**" भन्नाले सवारी परिक्षण केन्द्रमा वा अन्य वर्कशपमा प्रविधि तथा उपकरण समेतको प्रयोग गरी सवारी साधनको यान्त्रिक तथा भौतिक अवस्था सम्वन्धि गरिने परिक्षण सम्झनु पर्छ ।

(ज्ञ) **"स्वास्थ्य संस्था"** भन्नाले प्रचलित ऐन तथा नियम अनुसार संघ, प्रदेश तथा स्थानीय तह अन्तर्गत स्थापना गरिएका तथा प्रचलित नियमानुसार अनुमति प्राप्त गरी निजी स्वामित्वमा स्थापना गरिएका स्वास्थ्य सेवा प्रदान गर्ने संस्था सम्झनु पर्छ ।

(क१) **"संस्था"** भन्नाले सडक विभाग, यातायात व्यवस्था विभाग, स्वास्थ्य विभाग, शिक्षा विभाग, नेपाल प्रहरी वा सो अन्तर्गत रहने निकाय वा सडक सुरक्षासँग सम्बन्धित सार्वजनिक वा निजी निकाय वा सो शब्दले प्रदेश सरकार तथा स्थानीय तह अन्तर्गत रहेका सडक सुरक्षा हेर्ने निकायहरुलाई समेतलाई जनाउँदछ।

## परिच्छेद-२

## सडक सुरक्षा सम्बन्धी संस्थागत व्यवस्था

३. **राष्ट्रिय सडक सुरक्षा परिषद्को स्थापनाः** (१) सडक यातायातसँग सरोकार राख्ने पक्षहरुका बिचमा समन्वय तथा नियमन गरी सडक सुरक्षालाई प्रवर्द्धन गर्ने नीति तथा कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांङ्कन र मार्गदर्शन गर्न गराउन राष्ट्रिय सडक सुरक्षा परिषद्को स्थापना हुनेछ ।

(२) राष्ट्रिय सडक सुरक्षा परिषद्को केन्द्रिय सचिवालय काठमाडौं उपत्यकामा रहनेछ। परिषद्ले आवश्यकता अनुसार प्रदेशहरुमा थप कार्यालय खोल्न सक्नेछ ।

४. **परिषद् स्वशासित संस्था हुनेः** (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. **परिषद्को गठनः** (१) यो ऐन बमोजिम परिषद्ले गर्ने काम कारवाही गर्नको लागि देहाय बमोजिमको राष्ट्रिय सडक सुरक्षा परिषद्को गठन गरिनेछः -

(क) मन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय – अध्यक्ष

(ख) सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सदस्य

(ग) सचिव, अर्थ मन्त्रालय - सदस्य

(घ) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

(ङ) सचिव, गृह मन्त्रालय - सदस्य

(च) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

(छ) सचिव, शहरी विकास मन्त्रायल - सदस्य

(ज) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

(झ) सचिव, रक्षा मन्त्रालय - सदस्य

(ञ) कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र सडक सुरक्षाको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले मनोनयन गरेका कम्तिमा एकजना महिला सहित तीन जना -सदस्य

(ट) कार्यकारी निर्देशक, परिषद् - सचिव

(२) आवश्यकता अनुसार परिषद्को बैठकमा प्रदेश सरकारको सचिव तथा स्थानीय सरकारको प्रतिनिधिहरु लगायत अन्य सडक सुरक्षा विषयमा विशिष्ट योगदान भएका व्यक्तिहरु आमन्त्रण गर्न सकिने छ ।

(३) परिषद्का मनोनीत सदस्यहरुको पदावधि बढीमा चार वर्षको हुनेछ ।

(३) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ञ) बमोजिम मनोनयन हुने सदस्यको काम सन्तोषजनक नभएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

६. **परिषद्को सदस्यको अयोग्यता** : कुनै व्यक्ति देहायका अवस्थामा यस ऐन बमोजिम परिषद्को सदस्यको पदमा मनोनीत हुन योग्य हुने छैन :-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, जवरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण, बहुविवाह, पुरातात्विक महत्वका वस्तुहरुको अवैध कारोवार, संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा सवारी ज्यान सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको वा अन्य फौजदारी कसूरमा तीन वर्ष वा सोभन्दा बढि कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ग) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(घ) कालो सूची वा दामासाहीमा परेको,

(ङ) सार्वजनिक निकायको कुनै लाभको पद धारण गरेको,

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि, लाभको पद भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ ।

७. **परिषद् सदस्यको पद रिक्त हुने :** (१) यस ऐन बमोजिम मनोनीत परिषद्का सदस्यको पद देहायका अवस्थामा रिक्त भएको मानिनेछ :—

(क) निजले अध्यक्ष समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निज टाट पल्टीई दामासाहीमा परेमा,

(घ) निज कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ङ) उचित र पर्याप्त कारण बेगर बिना सूचना निज लगातार तीन पटकसम्म परिषद्को बैठकमा अनुपस्थित भएमा,

(च) निजको मृत्यु भएमा र

(छ) मानसिक तथा शारीरिक रुपमा अशक्त भई काम काज गर्न असक्षम देखिएको प्रमाणित भएमा।

८. **परिषद्को बैठक र निर्णयः** (१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को बैठक एक बर्षमा कम्तीमा २ पटक बस्नेछ ।

(३) परिषद्को सदस्य-सचिवले बैठकमा छलफल हुने विषय-सूची बैठक बस्नु भन्दा कम्तीमा सात दिन अगावै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा निजले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गरी राखेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **परिषद्को बैठकमा भाग लिन नपाउने:** परिषद्को कुनै सदस्य परिषद्को बैठकमा छलफल हुने कुनै विषयसँग व्यक्तिगत स्वार्थ बाझिने गरी प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न रहेमा त्यस्तो सदस्यले सो विषयमा हुने परिषद्को बैठकमा भाग लिन पाउने छैन ।

१०. **परिषद्को काम, कर्तव्य र अधिकारः** (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः-

(क) सडक सुरक्षा सम्बन्धी निम्न विषयमा राष्ट्रिय लक्ष्य, उद्देश्य, नीति, रणनीति, योजना तथा कार्यक्रम निर्धारण गर्ने र समय सापेक्ष परिमार्जन गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने,

१) सुरक्षित सडक संरचना,

२) सुरक्षित सवारी साधन र यातायात सेवा,

३) सवारी साधनको गति नियमन तथा ट्राफिक नियमहरुको प्रभावकारी पालना,

४) सडक प्रयोगकर्ताहरुलाई जनचेतना सम्बन्धि कार्यक्रम र

५) सडक दुर्घटना पछिको प्रभावकारी उद्धार, उपचार, क्षतिपूर्ति ।

(ख) सडक सुरक्षासंग सम्बन्धित विद्यमान ऐन नियमहरुमा व्यवस्था भएका प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित निकाय सँग समन्वय गर्ने र समय सापेक्ष परिमार्जनको लागि नेपाल सरकार समक्ष सिफारिश गर्ने,

(ग) सडक सुरक्षा सम्बन्धी कार्यक्रमहरु संचालन गर्न सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाहरु बिच समन्वयकारी भूमिका खेल्ने,

(घ) सडक सुरक्षासँग सम्बन्धित प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहसँग समन्वय एवम् सहकार्य गर्न,

(ङ) अन्तर्राष्ट्रिय सडक सुरक्षा सम्बन्धी काम गर्ने संघसंस्थासँग सम्बन्ध स्थापना गरी आपसी हितमा काम गर्ने,

(च) सडक दुर्घटना सम्बन्धी केन्द्रीय स्तरमा सूचना व्यवस्था प्रणालीको स्थापना तथा व्यवस्थापन गर्ने,

(छ) सडक सुरक्षा सम्बन्धी सूचना सामग्रीहरुको प्रकाशन तथा संचार माध्यमहरुमा प्रसारण गर्ने गराउने,

(ज) सरोकारवाला निकायद्वारा संचालन गरिने सडक सुरक्षा सम्बन्धी परियोजनाहरुको तर्जुमा तथा कार्यान्वयनमा समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,

(झ) सडक सुरक्षा कोष सम्बन्धी आवश्यक नीति निर्धारण गर्ने, सडक सुरक्षा कोषको व्यवस्था गर्ने, परिषद् सचिवालयको वार्षिक वजेट तथा कार्यक्रम र सम्बन्धित निकायबाट कार्यान्वयन हुने कोषबाट सञ्चालित कार्यक्रमहरू स्वीकृत गर्ने र सोको अनुगमन गर्ने,

(ञ) सडक सुरक्षा सम्बन्धी तथा अन्य तोकिएको विषयमा अनुसन्धान तथा अध्ययन गर्ने गराउने,

(ट) सडक सुरक्षा सम्बन्धी समसामयिक विषयमा नेपाल सरकारलाई राय, परामर्श दिने,

(ठ) विद्यमान कानुनी प्रावधान बमोजिमका सडक सुरक्षा तथा ट्राफिक नियमहरुको प्रभावकारी रुपमा पालना गराउने सम्बन्धमा सबै सम्बन्धित निकायहरु सँग समन्वय, नियमन, अनुगमन तथा मूल्यांकन गर्ने,

(ड) निर्देशक समिति मार्फत कार्यहरु संचालन गर्ने, र

(ढ) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

(२) यस ऐन बमोजिम परिषद्लाई प्राप्त अधिकारहरुमध्ये परिषद्ले कुनै वा सबै अधिकार तोकिए बमोजिम अध्यक्ष वा कार्यकारी निर्देशक वा परिषद्को अधिकृतस्तरको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छ।

**(११) निर्देशक समिति गठन गर्न सक्नेः** (१) परिषदले यस ऐन बमोजिम आफ्नो कार्य सञ्चालन गर्न देहाय बमोजिमको एक निर्देशक समिति गठन गर्न सक्नेछः -

(क) कार्यकारी निर्देशक, राष्ट्रिय सडक सुरक्षा परिषद् - अध्यक्ष

(ख) उप-सचिव (प्राविधिक), सडक बिभाग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सदस्य

(ग) उप-सचिव, यातायात व्यवस्था बिभाग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सदस्य

(घ) उप-सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य

(ङ) उप-सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(च) उप-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(छ) प्रहरी उपरिक्षक, नेपाल प्रहरी- सदस्य

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

१२. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) परिषदले दिएका निर्देशन तथा कार्यहरु कार्यन्वयन गर्ने,

(ख) यस ऐनमा अन्यथा तोकिए देखि बाहेक दफा १० बमोजिमका परिषदका कार्य सहज गर्ने,

(ग) निर्देशक समितिका निर्णयहरु अनुमोदन गर्न परिषद समक्ष पेश गर्ने,

(घ) सडक सुरक्षाका सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव सङ्कलन गरी परिषद समक्ष पेश गर्ने,

(ङ) परिषदले गरेका मापदण्ड स्वीकृति, समन्वय वा निर्देशनका सम्बन्धमा कुनै प्रश्न उठेमा सम्बन्धित बिज्ञबाट आवश्यक जाँचबुझ गर्ने गराउने र परिषदमा पेश गर्ने ।

## परिच्छेद-३

## प्रदेश र स्थानीय सडक सुरक्षा समन्वय समिति

१३. **प्रदेश सडक सुरक्षा समन्वय समितिः** (१) प्रदेशस्तरमा सडक सुरक्षाको प्रवर्द्धन गर्न प्रदेशको भौतिक पूर्वाधार वा यातायात विषय हेर्ने मन्त्रालय अन्तर्गत सोही मन्त्रालयका सचिवको अध्यक्षतामा तोकिएको सदस्य संख्या रहने गरी प्रदेश सरकारले प्रदेश सडक सुरक्षा समन्वय समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रदेश सडक सुरक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः -

(क) सडक सुरक्षा विषयमा परिषद्सँग समन्वय गर्ने,

(ख) परिषद्सँग समन्वय गरी सडक सुरक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(ग) प्रदेश स्तरमा सडक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(घ) परिषद्ले प्रदेशलाई गरेको सिफारिसलाई कार्यान्वयन गर्ने तथा कार्यान्वयन गर्नको लागि सम्बन्धित निकायलाई निर्देशन दिने,

(ङ) प्रदेशस्तरमा तथा प्रदेश अन्तर्गतका स्थानीय तहमा भएका सडक सुरक्षा सम्बन्धी विषयमा भएका काम कारवाहीको वार्षिक प्रतिवेदन परिषद्मा पठाउने,

(च) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही प्रदेशस्तरमा सडक सुरक्षा सम्बन्धी विषयमा प्रदेश कानूनले तोकेका अन्य काम गर्ने।

(३) प्रदेश सडक सुरक्षा समन्वय समितिको बैठक सम्बन्धी व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ।

१४. **स्थानीय सडक सुरक्षा समन्वय समितिः** (१) स्थानीय स्तरमा सडक सुरक्षाको प्रवर्द्धन गर्न गाउँकार्यपालिका वा नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले तोकेको बढीमा तीन सदस्य रहने गरी स्थानीय सडक सुरक्षा समन्वय समिति हुनेछ।

(२) उपदफा (१) बमोजिमको स्थानीय सडक सुरक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः -

(क) सडक सुरक्षा विषयमा परिषद्सँग समन्वय गर्ने,

(ख) परिषद् र प्रदेश सडक सुरक्षा समन्वय समितिसँग समन्वय गरी स्थानीयस्तरमा सडक सुरक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(ग) स्थानीय स्तरमा सडक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(घ) परिषद्ले स्थानीय तहलाई गरेको सिफारिसलाई कार्यान्वयन गर्ने,

(ङ) स्थानीयस्तरमा सडक सुरक्षा सम्बन्धी विषयमा भएका काम कारवाहीको वार्षिक प्रतिवेदन प्रदेश सडक सुरक्षा समन्वय समितिमा पठाउने,

(च) सडक सुरक्षा सम्बन्धी विषयमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम र प्रदेश कानूनको अधिनमा रही स्थानीय कानूनले तोकेका अन्य काम गर्ने।

(३) स्थानीय सडक सुरक्षा समन्वय समितिको बैठक सम्बन्धी व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ।

## परिच्छेद-४

## परिषद्को सचिवालय तथा कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था

१५. **सचिवालय सम्बन्धी व्यवस्थाः** परिषद्को दैनिक काम कारवाहीका निमित्त सचिवालयको व्यवस्था गरिनेछ र कार्यकारी निर्देशकले सचिवालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

१६. **कार्यकारी निर्देशकः** (१) कार्यकारी निर्देशकको योग्यता, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

(२) उपदफा (१) बमोजिमको कार्यकारी निर्देशक नियुक्तिका लागि नेपाल सरकारले तोकिए बमोजिमको एक कार्यकारी निर्देशक छनौट समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको छनौट समितिले खुल्ला प्रतिस्पर्धाको आधारमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी कार्यकारी  निर्देशक नियुक्तिका लागि तीनजना व्यक्तिको नाम मन्त्रालय समक्ष सिफारिस गर्नेछ।
(४) उपदफा (३) बमोजिम सिफारिस भएका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले कार्यकारी निर्देशक नियुक्त गर्नेछ।
(५) उपदफा (४) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्म वा कुनै कारणले कार्यकारी निर्देशकको पद रिक्त भएमा नेपाल सरकारले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा कार्यरत राजपत्रांकित प्रथम श्रेणीको कुनै अधिकृतलाई कार्यकारी निर्देशकको रुपमा कामकाज गर्न खटाउन सक्नेछ।

१७. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सचिवालयको दैनिक प्रशासनिक तथा व्यवस्थापकीय कार्य गर्ने,

(ख) परिषद्को निर्णय तथा निर्देशन र निर्देशक समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ग) परिषद्का अल्पकालीन तथा दीर्घकालीन योजना, वार्षिक कार्यक्रम र बजेट तयार गरी परिषद्मा पेश गर्ने,

(घ) परिषद्बाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ङ) परिषद्का लागि आवश्यक कर्मचारी तथा विज्ञहरु सम्बन्धी आवश्यक नियम वा विनियम परिषद्बाट स्वीकृत गराई कार्यान्वयन गर्ने,

(च) परिषद्बाट स्वीकृत हुनु पर्ने प्रस्तावहरु परिषद्को बैठक समक्ष पेश गर्ने र

(छ) तोकिए बमोजिमको अन्य काम गर्ने ।

१८. **सचिवालयको प्रारम्भिक संस्थागत संरचना तथा कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) सचिवालयको संस्थागत संरचनामा तोकिए बमोजिमका शाखाहरु र कर्मचारीहरु रहनेछन् ।

(२) सचिवालयका कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

## परिच्छेद-५

## बहु- माध्यम यातायात तथा भू-उपयोग र सडक सुरक्षा व्यवस्थापन

१९. सडक सम्बन्धी निकायहरुले बहु- माध्यम यातायात तथा भू-उपयोग र सडक सुरक्षा व्यवस्थापन गर्नका लागि देहाय कार्य गर्न पर्नेछः-

(क) सडक सुरक्षा प्रणाली (सेफ सिस्टम अप्रोच) मा आधारित स्तम्भहरू कार्यान्वयन गर्न राष्ट्रिय सडक सुरक्षा कार्ययोजना र लगानी योजना तयार गर्ने,

(ख) सडक सुरक्षासँग सम्बन्धित बहु-माध्यम यातायात तथा भू-उपयोग योजना तैयार गर्ने,

(ग) सडक सुरक्षा लगानी योजना अनुरुप बजेट व्यवस्थापन, कार्यान्वयन गर्ने,

(घ) सुरक्षित सडक यातायात व्यवस्थापन गर्न नबिनतम प्रविधि प्रयोग गरी इन्टेलिजेन्ट ट्रान्सपोर्ट सिस्टमको प्रयोगलाई प्रोत्साहन गर्ने,

(ङ) सबै सडक यातायात सम्वन्धी निकायहरूको संगठनात्मक नीति, नियम, कार्यविधि वा निर्देशिका र प्राविधिक प्रतिवेदनहरू राष्ट्रिय सडक सुरक्षा नीतिसँग सामन्जस्य हुने गरी निर्माण गर्न परिषदले समन्वय गर्ने ।

## परिच्छेद-६

## सुरक्षित सडक पूर्वाधार सम्बन्धी व्यवस्था

२०. **सुरक्षित सडक संरचनाको विकास तथा निर्माण सम्बन्धी व्यवस्थाः** सडक सम्बन्धी निकायहरुले सुरक्षित सडक संरचनाको विकास तथा निर्माण गर्नका लागि देहाय बमोजिमको कार्य गर्नु पर्नेछः-

(क) सुरक्षित सडक संरचना सम्बन्धी लक्ष्य निर्धारण गरी बार्षिक, आवधिक तथा दुरगामी योजना, रणनीति तथा कार्यक्रमहरु परिषद्मा जानकारी गराउने,

(ख) स्वीकृत मापदण्ड, निर्देशिका तथा कार्यविधिमा उल्लेखित सडक सुरक्षा सम्बन्धी प्रावधानहरूलाई समेटेर सडक योजनाहरुको तर्जुमा, डिजाइन, निर्माण तथा मर्मत सम्भार गर्ने,

(ग) तोकिए बमोजिम सडक सुरक्षा परिक्षण गर्ने,

(घ) निर्माणाधीन सडकहरुमा सडक दुर्घटनाको रोकथाम गर्न, सुरक्षित निर्माण स्थलको स्वीकृत कार्यविधि अनुसार ट्राफिक संकेत वा चिन्हको प्रयोग गरी आवागमनलाई सहज र सुचारु राख्नु पर्ने,

(ङ) सञ्चालनमा रहेका सडकहरूमा स्वीकृत मापदण्ड अनुसार सडक सुरक्षा सम्बन्धी संरचना तथा ट्राफिक संकेत वा चिन्ह राख्ने,

(च) सञ्चालनमा रहेका वा हुने सडकहरुमा तोकिएको मापदण्ड अनुरुप सडक सुरक्षा सम्वन्धि पुर्व-सूचना प्रणाली ट्राफिक संरचनाको व्यवस्था गर्ने, र

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

२१. **सडकको प्रकृति अनुसारको यातायात सेवा सम्बन्धी व्यवस्थाः** सडक सम्बन्धी निकायहरुले सडक निर्माण सम्पन्न भए पछि उक्त सडकको ज्यामितीय प्रकृति तथा भौगोलिक अवस्थिति अनुसार त्यस्ता सडकमा सञ्चालन गर्नका लागि उपयुक्त यातायात सेवा तथा सवारी साधनको किसिमको बारेमा यातायात व्यवस्था सम्बन्धी निकायलाई सिफारिश गर्नेछ ।

२२. **दुर्घटनाग्रस्त स्थलमा मर्मत सम्भार सम्बन्धी व्यवस्थाः** सडक सम्बन्धी निकायहरुले दुर्घटनाग्रस्त स्थलमा रहेका सडक दुर्घटनामा क्षति भएका वा जीर्ण अवस्थामा रहेका सडक संरचनाहरुको तत्काल मर्मत सम्भार कार्य गर्नु पर्नेछ।

२३. **आवागमन सुचारु राख्नु पर्ने सम्बन्धी व्यवस्थाः** सडक सम्बन्धी निकायहरुले सडक संरचनाको मर्मत सम्भार वा पुर्ननिर्माण वा स्तरोन्नति गर्दा वा सडक दुर्घटनाका कारणले आवागमन बन्द भएमा, मापदण्ड अनुसारको ट्राफिक संकेत राखी वा प्राविधिक दृष्टिले सम्भव भएसम्म अस्थायी बाटो बनाई यातायात सेवालाई सुचारु राख्नु पर्नेछ।

२४. **बढी दुर्घटना हुने स्थल तथा दुर्घटना जोखिम स्थलहरुको सुधार गर्नु पर्ने सम्बन्धी व्यवस्थाः** सडक सम्बन्धी निकायहरुले बढी दुर्घटना हुने तथा दुर्घटना जोखिम स्थलहरुमा दुर्घटना रोकथाम तथा न्यूनिकरण गर्न सडक सुरक्षा परिक्षणका आधारमा आवश्यक पर्ने सुधार कार्य गर्नु पर्नेछ।

२५. **यातायात सेवामा रोक लगाउन सिफारिस गर्न सक्नेः** परिषद्ले विशेष प्राविधिक प्रतिवेदनको आधारमा कुनै सडकमा वा सडक खण्डमा वा उक्त सडकखण्डको रेखांकन दूरीमा, सडक पूर्वाधार सुधार नभएसम्म यातायात सेवा सञ्चालन रोक लगाउन सिफारिस गर्न सक्नेछ।

२६. **सडक सिमा भित्रका अन्य पूर्वाधार व्यवस्थापनः** (१) सडक सुरक्षामा प्रतिकुल असर नपर्ने गरी सडक सम्बन्धी निकायले सडक सीमा भित्र सडक निर्माण, स्तरोन्नति वा पुनःनिर्माणसँग सम्बन्धित कार्य गर्दा उक्त सीमा भित्र भएका अन्य भौतिक संरचनाहरुको व्यवस्थापन गर्न सम्बन्धित निकायहरुलाई निर्देशन दिन सक्ने छ ।

(**स्पष्टीकरणः** अन्य भौतिक संरचना भन्नाले सडक सिमा भित्र रहेका रुख, विद्युतका खम्बा, टेलिफोन वा संचार सम्बन्धी संरचना, खानेपानी वा ढल निकास प्रणाली समेतलाई जनाउँछ।)

(२) कुनै व्यक्ति वा संस्थाले सडकसीमा भित्र भएका सडक संरचना भत्काई वा बिगारी वा अन्य कुनै अनुचित कार्य गरी उक्त स्थानलाई दुर्घटना जोखिमपूर्ण बनाएको वा दुर्घटना गराएको वा दुर्घटना भएको अवस्थामा त्यस्तो कार्यमा संलग्न व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम सजाय गरिनेछ ।

२७. **सडक निर्माण तथा मर्मत सम्भारमा कार्यरत व्यक्तिहरुको सुरक्षा सम्बन्धी व्यवस्थाः** सडक सम्बन्धी निकायले सडक संरचनाको निर्माण तथा मर्मत सम्भारमा संलग्न मजदुर, प्राविधिक, निर्माण व्यवसायी, तथा अन्य

कर्मचारीहरुको व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी व्यवस्था कार्यान्वयनको परिषदले अनुगमन गर्न सक्नेछ ।

## परिच्छेद-७

## सुरक्षित सवारी साधन तथा यातायात सेवा सम्बन्धी व्यवस्था

२८. **सवारी साधनको मापदण्ड सम्बन्धी व्यवस्थाः** (१) यातायात व्यवस्था सम्बन्धी निकायबाट हुने देहाय बमोजिमका काम कारवाहीका सम्वन्धमा अनुगमन तथा मूल्यांकन गर्ने र नेपाल सरकार समक्ष आवश्यक सिफारिस गर्न सक्नेछ ।

(क) सवारी साधनको आयात, उत्पादन तथा बडि बिल्डिंग सम्बन्धी,

(ख) नेपालमा सञ्चालन हुने नयाँ सवारी साधन सम्बन्धी,

(ग) हेल्मेट तथा सिट-बेल्ट सम्बन्धी,

(घ) सवारी साधनको स्वरूप तथा संरचनामा फेरवदल वा परिवर्तन सम्बन्धी,

(ङ) यातायात सेवामा सञ्चालन हुने सवारी साधनहरुको यान्त्रिक स्थिति वा सुरक्षा उपकरण जडान सम्बन्धी,

(च) यातायात सेवामा सवारी साधन चलाउन सकिने स्थितिमा छ वा छैन भन्ने कुराको जाँचपास सम्बन्धी,

(छ) यातायात सेवामा सवारी साधन चलाउन सकिने अवधि सम्बन्धी

(ज) वर्कशप तथा कारखानाहरुको मापदण्ड सम्बन्धी,

(झ) यातायात सेवामा कार्यरत व्यक्तिहरुको सुरक्षा सम्बन्धी,

(ञ) सुरक्षित निजी सवारी साधन सम्बन्धी व्यवस्था

(ट) दुर्घटना स्थलमा दुर्घटनाको अभिलेख तयार पश्चात सवारी आवागमन यथाशिघ्र सुचारु गर्ने सम्वन्धमा

(ठ) तोकिए बमोजिमका अन्य मापदण्ड ।

(२) यातायात व्यवस्था सम्बन्धी निकायले लागू गरेको सवारी साधनको अधिकतम लम्बाई, चौडाई वा उचाई जस्ता ज्यामितीय आकार तथा मालवाहक सवारी साधनको अधिकतम धुरा भार वा कुल वजन सम्बन्धी सुरक्षा मापदण्ड व्यवस्थापनको अनुगमन तथा मूल्यांकन गर्न गराउन सक्नेछ ।

(३) यातायात व्यवस्था सम्बन्धी निकायले यात्रुवाहक सार्वजनिक यातायात सेवाको श्रेणी वा किसिम बमोजिम प्रयोग हुने सवारी साधनहरुको सुरक्षा मापदण्ड व्यवस्थापनको अनुगमन तथा मूल्यांकन गर्न गराउन सक्नेछ ।

(४) यातायात व्यवस्था सम्बन्धी निकायले लागू गरेको विशेष प्रयोजनका सवारी साधनको सञ्चालन सम्बन्धी सुरक्षा मापदण्ड व्यवस्थापनको अनुगमन तथा मूल्यांकन गर्न गराउन सक्नेछ ।

**स्पष्टिकरणः** विशेष प्रयोजन भन्नाले यात्रुवाहक वा मालवाहक सवारी वाहेकका विशेष प्रकृतिका सवारी साधन भन्ने जनाउँछ । जस्तैः स्कुल बस, पर्यटक बस, एम्बुलेन्स, ईन्धन ढुवानी टयांकर तथा बुलेट, शारीरिक अशक्तता भएका व्यक्तिहरुको लागि सवारी साधन आदि ।

२९. **यातायात सेवा सम्बन्धी मापदण्डको व्यवस्थाः** (१) यातायात व्यवस्था सम्बन्धी निकायले यात्रुवाहक यातायात सेवाको स्तर तथा सुरक्षा सम्बन्धी प्रावधानहरुको प्रचलित मापदण्ड पुरा भए पछि मात्र पंजीकरण गरी यातायात सेवा सञ्चालनको अनुमति प्रदान गर्नु पर्नेछ ।

(२) यातायात व्यवस्था सम्बन्धी निकायले यात्रुवाहक यातायात सेवाको स्तर तथा सुरक्षा सम्बन्धी निम्न प्रावधानहरुको प्रचलित कानुनी व्यवस्था अनुरुपको मापदण्ड बनाई प्रभावकारी कार्यान्वयन गरे नगरेको बारेमा परिषद्ले अनुगमन गरी तत् सम्बन्धी निर्देशन दिन सक्नेछः -

(क) सवारी साधनमा यात्री तथा सिट संख्याका सम्बन्धमा,

(ख) सवारी साधनको गतिको सम्बन्धमा,

(ग) सवारी साधनको यात्राको समय-सारिणी तथा यात्रा-अवधि सम्बन्धमा,

(घ) सवारी चालकको विश्राम तथा कार्य-समय सम्बन्धमा र

(ङ) तोकिए बमोजिमका यातायात सेवा सम्बन्धी अन्य मापदण्डका सम्बन्धमा ।

## परिच्छेद-८

## गति नियमन सम्वन्धी व्यवस्था

३०. **सुरक्षित गति सम्वन्धमाः** सडक सम्वन्धी निकायले सडक पूर्वाधार निर्माण सम्पन्न गरे पश्चात उक्त सडकमा सवारी साधनको अधिकतम गतिका बारेमा सडक प्रयोगकर्तालाई जानकारी गराउनु पर्नेछ ।

३१. **गति नियमन सम्बन्धी व्यवस्थाः** (१) यातायात सम्वन्धी निकायले देहायका अवस्था समेतलाई मुल्यांकन गरी तथा प्रचलित ऐनको अधिनमा रही सवारी साधनगरिको  गति निर्धारण गर्नु पर्नेछ र परिषदले तोकिएको मापदण्ड अनुसार भए नभएको  अनुगमन तथा मूल्यांकन गर्न गराउन सक्नेछ ।

(क) सडकको वर्गिकरण

(ख) सडकको अवस्था र प्यारामिटर

(ग) सडकको ज्यामितीय अवस्था

(घ) सवारी साधनको वर्गिकरण

(ङ) भौगौलिक अवस्था

(च) सडक छेउ र वरपरको भू-उपयोग

(छ) प्राविधिक विश्लेषण

(ज) अन्य ।

(२) परिषद्ले उपदफा (१) बमोजिम सम्वन्धित निकायबाट सुरक्षित सवारी साधन गति नियमनको सम्वन्धमा देहायका कार्यहरु भए नभएको अनुगमन तथा मूल्यांकन गर्नेछ;

(क) सडक प्रयोगकर्तालाई सडकमा आवश्यक सूचनाको पहुँचको व्यवस्था

(ख) सडक प्रयोगकर्तालाई निषेधित सवारी साधनको गति नियमन

(ग) सडक प्रयोगकर्तालाई सुरक्षित सवारी साधन गति नियमन सम्वन्धी जनचेतना अभिवृद्धि

(घ) अन्य ।

## परिच्छेद- ९

## सडक प्रयोगकर्ताको नियमन तथा जनचेतना सम्बन्धी व्यवस्था

३२. **सवारी चालकको नियमन सम्बन्धी व्यवस्थाः** (१) परिषद्ले सवारी चालक अनुमतिपत्र सम्बन्धी प्रचलित कानुनी व्यवस्थामा सडक सुरक्षाका विषयवस्तुलाई समावेश गर्न यातायात व्यवस्था सम्बन्धी निकायलाई निम्न अनुसार निर्देशन दिन सक्नेछः-

(क) सवारी चालक प्रशिक्षण केन्द्रहरुले प्रदान गर्ने सैद्धान्तिक तथा प्रयोगात्मक कक्षाहरुको शिक्षण सामग्रीमा सडक सुरक्षा विषय समावेश गर्ने सम्बन्धमा,

(ख) सवारी चालक अनुमति पत्रको लागि लिइने परीक्षाको पाठ्यक्रम र परीक्षा प्रणालीमा सडक सुरक्षा विषय समावेश गर्ने सम्बन्धमा,

(ग) सवारी चालक अनुमति पत्रको नवीकरण गर्दा सवारी चालकको स्वास्थ्य तथा शारीरिक क्षमता परिक्षणको विषय समावेश गर्नेसम्बन्धमा,

(घ) तोकिए बमोजिम सडक सुरक्षा सम्बन्धी अन्य मापदण्ड समावेश गर्ने सम्बन्धमा ।

(२) यातायात व्यवस्था सम्बन्धी निकायले सार्वजनिक यातायात सेवामा काम गर्ने सवारी चालकको लागि व्यावसायिक सवारी चालक अनुमति पत्र सम्बन्धी छुट्टै प्रकारको मापदण्ड बनाई लागु गर्नु पर्नेछ ।

(३) यातायात सेवामा कार्यरत सवारी चालकहरुको लगत र व्यक्तिगत विवरण तथा निजले चलाउने सवारी साधन सम्बन्धी सूचना अध्यावधिक गरी राख्नु पर्ने दायित्व यातायात सेवा संचालकको हुनेछ ।

३३. **जनचेतना अभिवृद्धि सम्बन्धी व्यवस्थाः** (१) परिषद्ले सडक सुरक्षासँग सम्बन्धित निकायका लागि सडक सुरक्षा प्रवर्द्धनात्मक योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने सम्वन्धमा जनचेतना मुलक गोष्ठी वा तालिम आदिको व्यवस्था गर्नेछ ।

(२) परिषद्ले सडक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्य राखी सम्बन्धित निकायहरुलाई कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न समन्वय तथा अनुगमन गर्नेछ ।

(३) परिषद्ले सडक सुरक्षा सम्बन्धी जनचेतनामुलक शिक्षण सामग्री विद्यालय तथा महाविद्यालयका शैक्षिक कार्यक्रमहरुका पाठ्यक्रमहरुमा समावेश गर्न सम्बन्धित निकायसँग समन्वय गर्नेछ ।

(४) परिषद्ले जनचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि स्वयंसेवक, नागरिक समाज तथा गैर सरकारी संस्थाहरुलाई आवश्यक कार्यविधि बनाई परिचालन गर्न, गराउन सक्नेछ ।

(५) परिषद्ले सडक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्य राखी सामाजिक सञ्जाल तथा आमसञ्चार क्षेत्रसँग सहकार्य गर्ने सम्बन्धी कार्यविधी बनाई लागु गर्नेछ ।

३४. **सडक प्रयोगकर्ताको जनचेतना अभिवृद्धि गर्ने सम्बन्धी व्यवस्थाः** (१) सडक सुरक्षासँग सम्बन्धित निकायहरुले सडक प्रयोगकर्ताहरुको सडक उपयोग गर्ने आचरणमा सुधार ल्याउने र त्यसका कारणले हुने सडक दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले सडक सुरक्षा आचार संहिता कार्यान्वयन गरे नगरेको परिषद्बाट अनुगमन तथा मूल्यांकन गरिनेछ ।

(२) सवारी चालक, सहचालक, मोटरसाईकल चालक, यातायात व्यवसायी, पैदलयात्रीले प्रचलित आचार संहिता पालना गर्नु पर्नेछ ।

(३) सवारी चालक, सहचालक, मोटरसाईकल चालक, यातायात व्यवसायी, पैदल तथा अन्य यात्रीहरुले दुर्घटना जोखिम हुने क्रियाकलाप गर्न पाईने छैन र विपरित कार्य गरे प्रचलित ऐन बमोजिम जरिवाना वा सजाय गरिनेछ ।

## परिच्छेद-१०

## सडक दुर्घटनामा पीडितको उद्धार तथा उपचार सम्बन्धी व्यवस्था

३५. **सडक दुर्घटनामा उद्धार सम्बन्धी व्यवस्थाः** (१) सडक दुर्घटनाको बारेमा नजिकको सडक सुरक्षासँग सम्बन्धित निकायलाई वा अन्य सरकारी वा गैर सरकारी निकायलाई, वा अन्य कुनै स्थानीय निकायलाई सूचना दिने कर्तव्य प्रत्येक नागरिकको हुनेछ ।

(२) सडक दुर्घटना सम्बन्धी सत्य तथ्य सूचना तथा त्यससँग सम्बन्धित सम्पूर्ण विवरणहरु ट्राफिक प्रहरी वा जनपद प्रहरीलाई उपलब्ध गराउने कर्तव्य दुर्घटनामा संलग्न चालकको तथा यातायात सेवाको संचालकको हुनेछ ।

(३) दुर्घटनाको प्रत्यक्षदर्शी वा दुर्घटना स्थल नजिक भएर जाने जुनसुकै सवारी साधनको चालक वा सहचालकले सडक दुर्घटनाको बारेमा नजिकको नेपाल प्रहरी वा ट्राफिक प्रहरीलाई जानकारी दिनु पर्नेछ।

(४) दुर्घटनासँग सम्बन्धित तथ्य संकलन गर्ने र पीडितहरुको शिघ्र उद्धार गर्ने कार्य स्थानीय प्रहरीको कर्तव्य हुनेछ ।

(५) परिषद्ले बढी दुर्घटना हुने राष्ट्रिय लोकमार्गका सडक खण्डमा सडक दुर्घटनामा घाइतेको उद्धार तथा प्राथमिक उपचार कार्य सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गराउन सम्बन्धित निकायहरुलाई परिचालन गराउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम घाइतेको उद्धार तथा प्राथमिक उपचार कार्य सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि कार्यको लागि उपलब्ध स्थानीय निजि, सामुदायिक एबम गैरसरकारी स्वास्थ्य सेवा प्रदायक संस्थाहरुलाइ पनि आपतकालीन प्राथमिक उपचार कार्यमा सहभागी गर्ने गराउने तथा आबश्यक प्राबिधिक तालिम साथै प्राण प्रदायक उपकरणहरु आबश्यक परेमा सरकारी स्वामित्वमा रहने गरि यस परिषद मार्फत प्राण प्रदायक उपचार प्रयोजनको लागि दिन सक्ने छ|

३६. **दुर्घटनामा घाइतेको उपचार सम्बन्धी व्यवस्थाः** (१) सडक दुर्घटनामा घाइतेको उपचार गर्ने कर्तव्य सबै स्वास्थ्य संस्थाको हुनेछ र दुर्घटना पश्चात अकाल मृत्यु, अपाङ्गता हुन नदिन दुर्घटना पश्चातको प्रतिक्रिया र उपचार सम्वन्धि एक-द्वार प्रणाली लागू गर्न सक्नेछ ।।

(२) परिषद्ले राष्ट्रिय लोकमार्ग वा प्रादेशिक सडकमा सवारी साधनको चाप तथा सडक दुर्घटनाको गाम्भिर्यता अनुसार दुर्घटनाका पीडितलाई उपचार गर्न निम्न बमोजिमको व्यवस्था मिलाउन सम्बन्धित निकायसँग समन्वय गरी निर्देशन समेत दिन सक्नेछः -

(क) राष्ट्रिय लोकमार्ग तथा प्रादेशिक सडकमा उपयुक्त दुरीको अन्तरमा सडक-एम्बुलेन्स सेवाको व्यवस्था गर्न,

(ख) राष्ट्रिय लोकमार्ग तथा प्रादेशिक सडकमा उपयुक्त दूरीको अन्तरमा स्वास्थ्य संस्थाको स्थापना गर्न,

(ग) प्रत्येक प्रदेशमा आवश्यकता अनुसार राष्ट्रिय लोकमार्गमा पर्ने शहरी क्षेत्रमा आधुनिक ट्रमा सेन्टरको स्थापना गर्न र

(घ) तोकिए बमोजिमको अन्य व्यवस्था गर्न ।

(३) स्वास्थ्य संस्थाहरुले दुर्घटना पश्चात घाइतेहरुको उपचारको विवरण तथा मृत्यु भएका व्यक्तिहरुको तथ्याङ्कहरु दुरुस्त राख्नु पर्नेछ ।

## परिच्छेद-११

## बिमा तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था

३७. **बिमाः** (१) सडक सुरक्षासँग सम्बन्धित बिमा व्यवस्थालाई कार्यान्वयन तथा परिमार्जन गराउन परिषद्ले नेपाल बिमा प्राधिकरणसँग समन्वय गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) परिषद्ले बिमा प्राधिकरणसँग समन्वय गरी बिमा कम्पनीहरुले सडक दुर्घटनामा भुक्तानी गरेको क्षतिपूर्ति सम्बन्धी लगत राख्नुपर्ने व्यवस्थालाई कार्यविधि बनाई लागु गर्नेछ ।

३८. **सडक दुर्घटनाको हानी-नोक्सानी तथा क्षतिपूर्तिः** सडक दुर्घटनामा हुने निम्न अनुसारको हानी नोक्सानीको क्षतिपूर्तिलाई प्रभावकारी बनाउन देहाय बमोजिमका व्यवस्था गरिने छः-

(क) सडक दुर्घटना पश्चात सवारी साधन पहिचान हुन नसकेको (हिट एण्ड रन) अवस्था वा कुनै कारणवस सडक दुर्घटनाबाट क्षतिपूर्ति प्राप्त गर्न नसकेका पीडितलाई परिषद्को कोषबाट क्षतिपूर्ति उपलव्ध गराउन परिषद्ले बिमा सम्वन्धी आवश्यक कार्यविधि लागू गर्नेछ ।

(ख) सडकको सवारी गुड्ने भाग वा पार्किङ निषेधित क्षेत्रमा पार्किङ गराई राखेका सवारी साधनको कारणले दुर्घटना भई हानी नोक्सानी भएमा पार्किङ गराई राखेका सवारी धनी तथा चालकबाट क्षतिपूर्ति असुल उपर गर्न परिषद्ले कार्यविधि बनाई लागु गर्न गराउन सक्नेछ ।

(ग) सडकको सवारी गुड्ने भाग वा सडकपेटीमा अनाधिकृत रुपमा मालसामान राखेका कारणले वा अन्य क्रियाकलापहरुका कारणले दुर्घटना भई हानी नोक्सानी भएमा सम्बन्धित व्यक्ति वा संस्थाबाट क्षतिपूर्तिको असुल उपर गर्न परिषद्ले कार्यविधि बनाई लागु गर्न गराउन सक्नेछ ।

३९. **सडक दुर्घटनामा पीडितको पुनःस्र्थापनाः** परिषद्ले सडक दुर्घटनाबाट दीर्घकालिन वा आजीवन अशक्त वा अपाङ्ग भएका व्यक्तिहरुका लागि पुनःस्र्थापना गर्ने सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयन गर्न नेपाल सरकारसँग सिफारिस गर्न सक्नेछ।

## परिच्छेद-१२

## सडक दुर्घटना अभिलेख तथा घाइतेको उद्धार व्यवस्थापन प्रणाली सम्बन्धी व्यवस्था

**४०. सडक दुर्घटना अभिलेख व्यवस्थापन प्रणालीको स्थापनाः** (१) सडक दुर्घटनाको अध्ययन तथा अनुसन्धान गर्न, न्यूनीकरणका लागि उपयुक्त उपायहरुको अवलम्बन गर्न सडक दुर्घटनामा भएको भौतिक तथा मानवीय क्षतिको व्यवस्थित अभिलेख राख्न तथा घाइतेको उद्दार कार्यलाई  प्रभावकारी बनाउन परिषद्ले सडक दुर्घटना अभिलेख तथा घाइतेको उद्धार व्यवस्थापन प्रणालीको स्थापना तथा सञ्चालन गर्ने छ।

(२) प्रत्येक सडक दुर्घटना पश्चात् दुर्घटना सम्बन्धी जानकारी उपदफा (१) बमोजिमको प्रणालीमा प्रविष्ट गर्ने प्रथम जिम्मेवारी नेपाल प्रहरीको हुनेछ। दुर्घटना पश्चात् उद्दारमा खटिने निकाय, उपचारमा संलग्न स्वास्थ्य संस्था, बिमा सम्बन्धी संस्था, सडक सम्बन्धी निकाय, स्थानीय तह लगायतले प्रणालीमा तोकिए बमोजिमका तथ्यांक प्रविष्ट गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रणालीमा प्रविष्ट भएका तथ्यांकहरुमा सम्बन्धित निकायहरुलाई तोकिए बमोजिम पहूँच उपलब्ध गराइनेछ।

(४) उपदफा (१) बमोजिमको प्रणालीलाई अन्य सरकारी तथा गैर सरकारी निकायद्वारा संचालित प्रणालीहरुमा रहेका आवश्यक तथ्यांकहरु तोकिएका प्रक्रिया पुरा गरी तत् तत् निकायहरुले स्वचालित रुपमा उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-१३

## परिषद्को कोष तथा लेखा परिक्षण सम्बन्धी व्यवस्था

४१. **परिषद्को कोषः** (१) परिषद्को आफ्नो छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्: —

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) नेपाल सरकार मार्फत कुनै विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा विदेशी संस्थाबाट प्राप्त रकम,

(ग) सडक बोर्ड बाट प्राप्त रकम,

(घ) परिषद्को चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा, सहायता, अनुदान वा दान दातव्यको रुपमा प्रदान गरेको रकम,

(च) कानुनी व्यक्तिबाट संस्थागत सामाजिक उत्तरदायित्व बापत प्राप्त हुन सक्ने रकम,

(छ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) प्राप्त भएको सबै रकम परिषद्ले आफ्नो नाममा नेपाल राष्ट्र बैंक वा कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्ने छ ।

(४) परिषद्को तर्फबाट व्यहोर्नु पर्ने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यवस्था गरिनेछ ।

(५) परिषद्को खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

४२. **कोषमा प्राप्त रकमको प्रयोगः** कोषमा प्राप्त रकम देहायका कार्यमा खर्च गरिनेछ :—

(क) सडक सुरक्षासँग सम्बन्धित निकायहरुका योजना तथा कार्यक्रमहरुको प्राथमिकता अनुसार कार्यान्वयन गर्नका लागि बजेट उपलब्ध गराउन,

(ख) सडक सुरक्षा सम्बन्धी अध्ययन अनुसन्धान गराउन विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरुलाई अनुदान दिन,

(ग) परिषद्को काम, कर्तव्यको कार्यान्वयन तथा सचिवालयको प्रशासकीय खर्च गर्न र

(घ) यस ऐनको दफा ४२ बमोजिमको पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन ।

४३. **लेखा परीक्षणः** (१) परिषद्को लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) परिषद्को आन्तरिक लेखा परीक्षण महालेखा नियन्त्रण कार्यालयले तोके बमोजिम र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(३) परिषद्सँग संलग्न सरकारी निकाय वा सामाजिक संघ संस्थाहरुको लेखा र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१४

## सजाय, पुनरावेदन तथा अन्य व्यवस्था

४४. **परिक्षकलाई कारवाही गर्न सकिनेः** (१) सडक सुरक्षा परीक्षकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीतको कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ।

(२) कसैले उपदफा (१) बमोजिमको कसूर गरेमा निजलाई प्रचलित कानून बमोजिम दण्ड सजाय गरिनेछ।

४५. **अनुसन्धान गर्ने अधिकारी** : यस ऐन अन्तर्गत कसूर ठहरिने मुद्दाको अनुसन्धान र तहकीकात गर्ने अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीलाई हुनेछ ।

४६. **नेपाल सरकार बादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकार बादी हुनेछ ।

४७. **मुद्दा हेर्ने तथा पुनरावेदन सुन्ने अधिकारीः** (१) यस ऐन बमोजिम कसूर ठहरिने मुद्दाको शुरू कारवाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला अदालतले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय प्राप्त भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालततमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-१५

## दुर्घटना अध्ययन सम्बन्धी व्यवस्था

४८. **दुर्घटना सम्बन्धी अध्ययन तथा निर्देशन सम्बन्धी व्यवस्थाः** (१) परिषद्ले सडक दुर्घटनाहरुको प्रकृति तथा कारणहरु पहिचान गरी रोकथामका उपाय सिफारिश गर्न आवश्यकता अनुसार देहाय बमोजिम हुने गरी दुर्घटना अध्ययन समिति गठन गर्न सक्नेछः -

| | |
|---|---|
| (क) सडक सुरक्षा सम्बन्धि विशेषज्ञ- | संयोजक |
| (ख) सडक पूर्वाधार सम्बन्धी विशेषज्ञ इन्जिनियर- | सदस्य |
| (ग) यातायात व्यवस्था सम्बन्धी विशेषज्ञ इन्जिनियर- | सदस्य |
| (घ) सडक दुर्घटना उपचार सम्बन्धी विशेषज्ञ चिकित्सक- | सदस्य |
| (ङ) दुर्घटनास्थलसँग सम्बन्धित ट्राफिक वा नेपाल प्रहरीको प्रतिनिधि- | सदस्य |
| (च) परिषद्ले तोकेको सचिवालयको कर्मचारी वा पदाधिकारी- | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको अध्ययन समितिको कार्य निम्न बमोजिम हुनेछः -

(क) दुर्घटना सम्बन्धी विवरण तथा सत्य तथ्य संकलन गर्ने,

(ख) दुर्घटना स्थलको स्थलगत अवलोकन गर्ने,

(ग) दुर्घटना स्थलको प्रत्यक्षदर्शी वा अन्य सम्बन्धित व्यक्तिसँग दुर्घटना सम्बन्धी विवरण माग्ने वा सोधपुछ गर्ने,

(घ) दुर्घटनाको प्रकृति तथा सम्भावित कारण पत्ता लगाउने र विशेष प्राविधिक प्रतिवेदन तयार गरी परिषद् समक्ष पेश गर्ने, र

(ङ) तोकिए बमोजिम अन्य कार्य,

(३) दुर्घटना अध्ययन सम्बन्धी कार्यहरू परिषद्बाट स्वीकृत मापदण्ड बमोजिम गर्नुपर्नेछ।

(४) परिषद्ले सडक सुरक्षा सम्बन्धी अध्ययन, अनुसन्धान वा तथ्यांकको प्राविधिक विश्लेषणका आधारमा सरोकारवाला व्यक्ति, संस्था वा निकायलाई सडक सुरक्षा सम्बन्धी निर्देशन दिन सक्नेछ ।

(५) दुर्घटना अध्ययन समितिको पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

४९. **सडक दुर्घटना सम्बन्धी अध्ययन अनुसन्धानः** (१) परिषद्ले सडक सुरक्षासँग सम्बन्धित निकायहरु बीच समन्वय गरी सडक दुर्घटना तथा सडक सुरक्षा सम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण गर्न तथा गराउने र सो बमोजिमको प्रतिवेदन बनाई परिषदमा पेश गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन कार्यान्वयन गर्न सम्वन्धीत निकायलाई परिषदले निर्देशन दिन सक्नेछ l

## परिच्छेद-१६

## विविध

५०. **सवारी चालक तथा सवारी साधन सम्बन्धी विद्युतीय अभिलेख प्रणालीमा पहुँचः** संघ, प्रदेश र स्थानीय तहले सवारी चालक तथा सवारी साधन सम्बन्धी विद्युतीय अभिलेख प्रणालीमा आवश्यक परेको अवस्थामा परिषद्लाई पहुँच दिनु पर्नेछ ।

५१. **आवश्यक सहयोग गर्नु पर्ने** : परिषद्को कार्य सञ्चालनको सिलसिलामा परिषद्बाट सहयोग माग भएमा परिषद्लाई आवश्यक सहयोग गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

५२. **सडक सुरक्षा परिक्षकको तालिमः** (१) परिषद्ले सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक उत्तीर्ण गरेका र सडक यातायातको क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव भएका इन्जिनियरहरुलाई सडक सुरक्षा परीक्षण सम्बन्धी तालिमको व्यवस्था गरी सडक सुरक्षा परीक्षकको प्रमाण पत्र जारी गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रमाण पत्र प्राप्त व्यक्ति सडक सुरक्षा परीक्षक रुपमा परिषद्मा दर्ता हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्तावाल परीक्षकले मात्र सडक सुरक्षा परिक्षणको काम गर्न पाउने छ।

५३. **काम कारवाही पारदर्शी हुनु पर्नेः** (१) परिषद्को काम कारवाही, लेखा तथा आर्थिक प्रशासनसँग सम्बन्धित कार्यहरु पारदर्शी हुनु पर्नेछ ।

(२) परिषद्बाट हुने सेवा वा वस्तु खरिद सम्बन्धी कार्यहरु प्रचलित कानुन तथा नियम बमोजिम गर्नु पर्नेछ।

(३) परिषद्को आय-व्यय विवरण, वासलात तथा वार्षिक प्रतिवेदन कुनै व्यक्तिले लिन चाहेमा परिषद्ले तोके बमोजिमको दस्तुर तिरी त्यसको प्रतिलिपि प्राप्त गर्न सक्नेछ ।

५४. **स्वीकृति लिनु पर्नेः** परिषद्ले आफनो नाममा रहेको कुनै अचल सम्पत्ति बिक्री गर्नु पूर्व नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

५५. **प्रचलित कानून बमोजिम हुने** : यस ऐन अन्तर्गत कसूर हुने कार्यले अन्य प्रचलित कानून बमोजिम पनि कसूर हुने रहेछ भने यस ऐन अन्तर्गत हुने सजायले अन्य प्रचलित कानून बमोजिम हुने कसूरमा मुद्दा चलाउन बाधा पुगेको मानिने छैन ।

५६. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेः** (१) परिषद्ले वर्षभरिमा आफूद्वारा भए गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको वार्षिक प्रतिवेदनलाई परिषद्ले सर्वसाधारणको जानकारीको लागि परिषद्को वेव-साईटमा समेत राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनमा सडक दुर्घटनाको तथ्यांक, सडक सुरक्षा सम्बन्धी क्रियाकलापहरुका उपलब्धि तथा अन्य सडक सुरक्षा प्रवर्द्धन गर्न पहल गरिएका विषयवस्तु समावेश गर्नु पर्नेछ ।

५७. **नेपाल सरकारले निर्देशन दिन सक्नेः** सडक सुरक्षा सम्बन्धी कार्यलाई प्रभावकारी बनाउनको लागि नेपाल सरकारले परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

५८. **नेपाल सरकारसँग सम्पर्कः** परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

५९. **उत्पादन तथा आयात मापदण्डः** (१) परिषद्ले सडक सुरक्षा सम्बन्धि संरचनाको निर्माण सामग्रीको तथा निर्माण प्रक्रियाको मापदण्ड बनाई लागु गर्न सम्बन्धित निकायलाई निर्देशन दिन सक्नेछ ।

(२) सवारी साधनसँग सम्बन्धित सुरक्षा उपकरण तथा सामग्रीहरुको उत्पादन तथा आयात सम्बन्धी मापदण्ड बनाई लागु गर्न सम्बन्धित निकायलाई निर्देशन दिन सक्नेछ ।

६०. **असल उद्धारकर्ता कानून सम्वन्धि व्यवस्था:** सडक दुर्घटनामा संलग्न स्वयंसेवक वा स्वेच्छिक उद्धारकर्ताको संरक्षणको लागि अन्तराष्ट्रिय उद्धारकर्ता कानूनको अभ्यास अनुरुप नेपाल सरकारले लागु गर्नेछ ।

६१. **निर्देशिका, कार्यविधि वा मापदण्डः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका निर्देशिका, कार्यविधि वा मापदण्ड परिषद्बाट स्वीकृत भएपछि लागू हुनेछन् ।

६२. **नियम बनाउन सक्नेः** नेपाल सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ।

६३. **विनियमावली बनाउन सक्नेः** (१) परिषद्ले आर्थिक प्रशासन तथा कर्मचारी प्रशासन सम्बन्धी विनियमावली बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विनियमावली बनाउँदा नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

६४. **बचाऊ तथा खारेजीः** (१) यो ऐन जारी हुनु पूर्व गरिएका सडक सुरक्षा सम्बन्धी कार्यहरु यसै ऐन वमोजिम भए गरेको मानिने छन।

(२) यस ऐनमा भएका सडक सुरक्षा सम्बन्धी प्रावधानहरु अन्य कानुनसँग बाझिएको हद सम्म यही ऐन बमोजिम लागु हुनेछन।